**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

धवलागिरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ३ संख्या ९ मितिः २०७६/१२/१६

## भाग २

## धवलागिरी गाउँपालिका

## गाउँ कार्यपालिकाको स्वीकृतिबाट जारी

**कोरोना भाइरस संक्रमण, रोकथाम,नियन्त्रण तथा उपचार सहयोग कार्यविधि , २०७६**

**प्रस्तावना :-**

धवलागिरी गाउँपालिकामा कोरोना भाइरस (covid-19) को प्रकोप नियन्त्रणका लागि तयारी, रोगको पहिचान तथा नियन्त्रण एवं कोरोना भाइरस प्रभावितहरुको प्रभावकारी उपचारको प्रबन्ध आवश्यक भएकोले भाइरस संक्रमण रोकथाम, पहिचान, उपचार लगायत कार्यमा संलग्न निकाय, संस्थालाई सहयोग प्रदान विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी धवलागिरी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**1)संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस कार्यविधिको नाम "कोरोना भाइरस संक्रमण। रोकथाम, नियन्त्रण तथा उपचार सहयोग कार्यविधि , २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**2) परिभाषा:-**

विषय वा प्रसङ्गको अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "ऐन" भन्नाले प्रदेश विपद् व्यवस्थान ऐन २०७५ सम्झनु पर्छ ।

ख) " कोष"भन्नाले ऐनको दफा १० वमोजिमको कोष सम्झनू पर्छ ।

ग) " कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

घ) "कोष संञ्चालन समिति" भन्नाले ऐनको दफा १३ बमोजिमको कोष संञ्चालन समिति सम्झनु पर्छ।

ङ) " खाता " भन्नाले धवलागिरी गाउँपालिकाको कोरोना भाइरस सङक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष खाता सम्झन पर्छ ।

च) "गाउँपालिका " भन्नाले धवलागिरी गाउँपालिका सम्झनु पर्छ ।

छ) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन निर्देशक समिति सम्झनु पर्छ ।

ज) " स्वास्थ्य संस्था " भन्नाले स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले प्रचलित कानुन बमोजिम दर्ता वा नविकरण भई स्थापना भएको स्थापना भएको यस गाउँपालिका भित्रको निजी तथा ससार्वजनिल स्वास्थ्य संस्था सम्झनु पर्छ ।

**3) कोष खाताको प्रयोग :-**

(१) कोष खातामा रहेको रकम ऐनको दफा १० बमोजिमको कोषको रकम मानिनेछ ।

(२) खातामा जम्मा भएको रकम देहायको कार्यको लागि सामाजिक विकास मन्त्रालय। तक्त मन्त्रालय मातहतका स्वास्थ्य संस्था वा प्रचलित कानुन बमोजिम स्थापना भएका निजी,सामुदायिक वा गैरनाफामूलक स्वास्थ्य संस्था, जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिको लागि खर्च गरिनेछ।

क) कोरोना भाइरस (covid-19) को रोकथाम तथा उपचारका लागि आवश्यक आइसोलेशन अस्पताल,क्वारेन्टाइन स्थापना र सञ्चालनमा लाग्ने खर्चहरुको शीघ्र व्यवस्थापन गर्न,

ख) कोरोना भाइरस(covid-19) बाट मानवीय क्षति नियन्त्रण गर्न र सो प्रकोपको कारण बाट प्रभावित ब्यक्तिको सहज परिक्षण तथा उपचारको व्यवस्था गर्न,

ग) कोरोना भाइरस(covid-19) को रोकथापन तथा उपचारमा आवश्यक पर्ने मेडिकल सामाग्री, औषधी , उपकरणका लागि लाग्ने खर्चहरुको प्रबन्धन गर्न,

घ) कोरोना भाइरस(covid-19) को नियन्त्रण तथा उपचार गर्न स्थानिय सरकारबाट निर्माण भए बमोजिमका अन्य खर्च गर्न।

**4) कोष खाताको रकम प्रयोग हुन नसक्ने :-**

ऐनको दफा १२ मा उल्लिखित प्रयोजनका लागि कोष खाताको रकम खर्च गर्न सकिने छैन।

**5) कोष खाताको खर्च गर्ने कार्यविधि :-**

१) दफा ३ बमोजिमको प्रयोजनको लागि सहयोग रकम प्रदान गर्दा सम्बन्धित क्षेत्रमा कोरोना भाइरस(covid-19) को सघनता, रोकथाम तथा उपचारको लागि लाग्ने खर्चको आवश्यकता , खातामा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले निर्धारण गरे बमोजिम सामाजिक विकास मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउनेछ।

(२)  उपदफा (१) बमोजिम सामाजिक विकास मन्त्रालयको लागि निर्धारण भएको सहयोग रकम उक्त मन्त्रालयको आफ्नो मातहतका स्वास्थ्य संस्थाले माग गरेको रकमलाई कोरोना भाइरस(covid-19)को सघनता, रोकथाम तथा उपचारको लागि लाग्ने खर्चको आवश्यकता र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी रकम निकासा गर्नेछ।

(३) उपदफा (२) मा उल्लेख भए बाहेकको स्वास्थ्य संस्थालाई रकम उपलब्ध गराउनु पर्ने अवस्थामा सामाजिक विकास मन्त्रालयले समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) कोष खाताको रकम निकासा भए बमोजिम खर्च भएको रकमको प्रचलित कानुन बमोजिम लेखा राख्ने र लेखा परीक्षण गराउने दायित्व सम्बन्धित खर्च गर्ने निकायको हुनेछ।

**6) क्वारेनटाइन सम्बन्धी मापदण्ड :-**

३ बमोजिम कोष खाताबाट क्वारेनटाइनको लागि सहयोग रकम उपलब्ध गराउँदा पूरा गर्नु पर्ने मापदण्ड नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

**7) कोष खाता सञ्चालनको प्रशासनिक खर्चः-**

कोष खाता संञ्चालन गर्दा आवश्यक पर्ने सचिवालयको लागि आवश्यक पर्ने प्रशासनिक तथा अन्य भैपरी खर्च सम्बन्धीत मन्त्रालयको नियमित बजेटबाट खर्च गरिनेछ।

**८) कोष खाताको संञ्चालन :-**

कोष खाताको शंञ्चालन ऐनको दफा १४ बमोजिम हुनेछ ।

**9) लेखा तथा लेखापरीक्षण :-**

(१) यस कार्यविधि बमोजिमका प्रयोजनाका प्रयोजनका लागि कोष खातामा प्राप्त हुने आम्दानी तथआ खर्चको लेखआ प्रचलित कानुन बमोजिम छुट्टै राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको आन्तरीक लेखापरिक्षण प्रदेश नियन्त्रक कार्यालय र अन्तिम लेखा परिक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

**10) सम्पर्क सचिवालय सम्बन्धी व्यवस्था :-** (१) यस कार्यविधि बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको लागि कार्य सञ्चालन गर्ने प्रयोजनाको लागि सम्पर्क सचिवालय आन्तरीक मामिला तथा कानुन मन्त्रालय हुनेछ ।

(२) उपदफा (१) बाहेकको हकमा सम्पर्क मन्त्रालय सामाजिक विकास मन्त्रालय हुनेछ।

**11) निर्देशन दिन सक्ने :-**

समितिले यस कार्यविधिको कार्यान्वयनका सम्बन्धमा कार्यकारी समिति तथा कोष सञ्चालक समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

**12) खरिद सम्बन्धी व्यवस्था :-**

यस कार्यविधि बमोजिमको प्रयोजनका लागि सहयोग रकम प्राप्त गर्ने निकायले उपचारको लागि आवश्यक पर्ने सामान खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्नेछ।

**13) यसै कार्यविधि बमोजिम हुने :-**

यस कार्यविधि लेखिएको कुरामा यसै कार्यविधि बमोजिम र अन्य कुरामा प्रचलित कानुक बमोजिम हुनेछ।

**14) बाधा अड्काउ फुकाउन सक्नेः-**

यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै दुविधा वा वाधा उत्पन्न भएमा ऐनको उदेश्य विपरित नहुने गरी समितिले निर्णय गरी आवश्यक बाधा अड्काउनफुकाई कार्यान्वयनका लागि निर्देशन दिन सक्नेछ।

**15) कार्यविधिको खारेजी :-**

(१) यस कार्यविधिको उद्देश्य बमोजिमको कार्य समाप्त भएको भनी कार्यकारी समितिको सिफारिसमा समितिको यो कार्यविधि खारेज गर्ने निर्णय गरेमा स्वतः खारेज भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यविधि खारेज भए पछि कोष खातामा रहेको बाँकि रकम प्रदेश विपद् व्यवस्थापन कोषमा जम्मा गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम भए गरेको खर्चको विवरण कार्यविधि खारेज भएको मितिले बढीमा १५ दिन भित्र सम्बन्धित निकायले सार्वजनीक गर्नु पर्नेछ ।

आज्ञाले
गोविन्द सुनार
प्रमुख प्रशासकीय अधिकृत